# नव नियुक्त मन्त्री मा. सदानन्द मण्डल ज्यूको पदभार ग्रहण

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशको मन्त्रीका रुपमा मा. सदानन्द मण्डल नियुक्त हुनु भई आज मिति २०८१/०५/२८ गते शुक्रबारका दिन पद तथा गोपनीयताको शपथ ग्रहणका साथै मन्त्रालयमा पदभार ग्रहण गर्नुभयो । पदभार ग्रहण कार्यक्रमका क्रममा उहाँले कोशी प्रदेशको समग्र पर्यटन, वन तथा वातावरण क्षेत्रको विकास, संरक्षण र संवर्द्धनका लागि आफू प्रतिवद्ध रहेको र सोहि वमोजिम मन्त्रालय र मातहतका कर्मचारीहरु पनि प्रचलित कानून वमोजिम जिम्मेवारी वहन गरी यस मन्त्रालयको कार्य सम्पादनलाई व्यवस्थित बनाई आम जनताले प्रत्याभूति गर्ने गरी लैजानु हुनेछ भन्ने अपेक्षा व्यक्त गर्दै पदभार ग्रहणका क्रममा माननीय मन्त्रीज्यूबाट तराई-मधेश हरियाली प्रवर्द्धन कार्यक्रमको हालसम्मको कार्यान्वयन अवस्था, समस्या तथा सवालहरु र आगामी कार्यदिशा तय गरी सुझाव दिन प्रदेश वन निर्देशक डा. इन्द्र प्रसाद सापकोटाज्यूको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गर्ने निर्णय भएको छ ।




पर्यटन, वन तथा वातावरण मन्त्री मा. सदानन्द मण्डल ज्यूको पदभार ग्रहण कार्यक्रम

कोशी प्रदेश, विराटनगर